गाउँसभाको बैठकमा

गाउँपालिका अध्यक्षज्यू द्वारा प्रस्तुत

आर्थिक वर्ष २०७८।०७९ को

# बार्षिक नीति तथा कार्यक्रम

रुपनी गाउँपालिका

रुपनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रुपनी, सप्तरी

प्रदेश नं. २, नेपाल

"सुन्दर, सुशासित र समृद्ध रुपनी, साकार पार्न अग्रसर छु म पनि"

माननीय गाउँसभाका सदस्य ज्यूहरु

१. जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेश आन्दोलन लगायत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापित गराउने सन्दर्भमा नेपाली नागरिकको स्वतन्त्रता प्राप्तीका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुती दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात विर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै घाइते वेपता नागरिक प्रति सम्मान प्रकट गर्दछु।

२. कोभिड-१९ (कोरोना भाइरस) को प्रथम र दोस्रो लहरबाट हरेक क्षेत्रमा परिरहेको चुनौती र असहज अवस्था र महामारीबाट संक्रमित भई ज्यान गुमाउने सम्पूर्ण शोकाकुल परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दै अस्पतालमा उपचार गराइ राख्नुभएका, आइसोलेशनमा रहेका सम्पूर्ण संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। साथै यस कठिन परिस्थितीमा आफ्नो ज्यानको जोखिमलाई प्रवाह नगरी मानवीय सेवामा समर्पित चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी, सरसफाइकर्मी, एम्वुलेन्स चालक लगायत यस क्षेत्रमा अहोरात्र सेवारत सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक एवम सामाजिक संघसंस्थाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

३. २०७४ असोजमा सम्पन्न भएको पहिलो ऐतिहासिक स्थानीय तहको निर्वाचन पछिका ४ वटा आर्थिक वर्षको भोगाईको क्रममा विकास र समृद्धिको लागि हामीसँग प्रशस्त अवसरहरू भए पनि सिमित श्रोत साधनहरूको उच्चतम प्रयोग गर्दै गाउँपालिकाका विविध समस्या र चुनौतीहरूका बिच विकास निर्माण, पूर्वाधार र सामाजिक विकासको क्षेत्रमा एक हद सम्म सफलता प्राप्त भएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**आ.व. २०७७।०७८ मा पालिकाले संचालन गरेका कार्यक्रमहरुको संक्षिप्त व्यहोरा सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरुलाई अवगत गराउन चाहन्छु।**

४. "समृद्ध नेपाल सुखी नेपाली" को संघीय सरकारले तय गरेको राष्ट्रिय नीतिलाई व्यवहारमा रूपान्तरण गर्न आवश्यक नीति तथा कार्यक्रम तय गरी कार्यन्वयन गरिएकोछ ।

५. रूपनी बजारको व्यवस्थितीकरण गर्दै हाल निर्माण भईरहेको सडक तथा ढल निकास सहितको हरित पेटिका, सामुदायिक भवन निर्माणको काम गाउँपालिका, प्रदेश र संघीय सरकारको संयुक्त लगानीमा सम्पन्न भई सकेको र बाँकि यसै आ.व. मा सम्पन्न गर्न पहल गरिएकोछ।

६. यस रुपनी गा.पा. भित्र २, ३, ४, र ५ नं. वडा कार्यालयहरु निर्माणको क्रममा रहेको छ।

७. गाउँपालिका, प्रदेश र संघीय सरकारको संयुक्त लगानीमा सबै वडाहरुमा सामुदायिक भवन तथा ३ नं. वडामा स्वास्थ्य चौकीहरु निर्माणको क्रममा रहेको छ।

८. यसै गा.पा.का विभिन्न वडाहरु अन्तर्गत रहेका विद्यालयहरुको ४ कोठे भवन (श्री क.न.मा.वि.रायपुर र श्री ज.मा.वि. वसविट्टी) निर्माणको क्रममा रहेको छ।

९. गाउँपालिका र संघीय सरकारको संयुक्त लगानीमा यसै गा.पा. को १ नं. वडा अन्तर्गतको रुपनी बजारमा ५ बेडको कोभिड-१९ अस्पताल र १५ बेड कोभिड संक्रमणहरुको लागि आइसोलेशन केन्द्र सञ्चालनमा ल्याएको छ।

१०. संघीय सरकारको लगानी तथा यसै गा.पा को सहकार्यमा सूचना प्रविधि क्षेत्रमा **वेभसाइट, मोवाइल एप्स, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता**(VERSP-MIS), **डिजिटाईजेशन** सफ्टवेयर, **गुनासो व्यवस्थापन प्रणाली, संचितकोष व्यवस्थापन प्रणाली**(SUTRA), **PAMS, IEMIS, MOFAGA-Portal, C-MIS** लगायतका अनलाईन सफ्टवेयर संचालनमा रहेको छ।

११. सेवालाई ई-माध्यमबाट छिटो छरितोको साथै प्रभावकारी बनाउन यसै गा.पा. को लगानीमा सूचना प्रविधि क्षेत्रमा राजस्व संकलन गर्न **(मालपोत र नगदि)** सफ्टवेयर, **सिफारिस तथा प्रमाणपत्र व्यवस्थापन प्रणाली** सफ्टवेयर, **तलबि व्यवस्थापन प्रणालि (Pay roll)** सफ्टवेयर, **जेष्ठ नागरिक तथा अपाङ्गता कार्ड** सफ्टवेयर, **GIS-Mapping** सफ्टवेयर, **Group SMS, Facebook, twitter, YouTube, इन्टरकम टेलिफोन लाईन,** गा.पा. कार्यालय र ६ वटै वडाहरु बिच Optical fiber जडान गरि सर्भर राखेर **Internet** तयार गरि संचालनमा ल्याएको छ।

१२. गा.पा. कार्यालय, १ र ४ नं. वडा कार्यालयहरुमा **Digital Notice Board(LED)** जडान गरि पूर्णरुपले सूचनाहरु सम्प्रेषण गरिरहेको छ।

१३. यसै गा.पा. कार्यालयमा सूचना प्राविधिमा आधारित सेवालाई प्रभावकारी रुपमा संचालन गराउनको लागि **Hybrid Power System** जडान गरिएको छ।

१४. स्वास्थ्य चौकीहरुबाट प्रवाह हुने सेवालाई सूचना प्रविधिमय बनाउन **HMIS** निमार्णको क्रममा रहेको छ। साथै ४ वटै मा.वि. र ३ वटै आ.वि विद्यालयहरुको लागि **वेभसाइट** तथा **मोवाइल एप्स** निर्माणको क्रममा रहेको छ।

१५. यसै गा.पा. अन्तर्गतका ६ वटै स्वास्थ्य चौकीहरुको सेवालाई सूचना प्रविधिमय तथा प्रभावकारी बनाउन ती **स्वास्थ्य चौकीहरु र गा.पा. कार्यालय** बिच **अप्टिकल फाइवर** जडान गरि **intercom telephone line** तथा **Interanet** निर्माणको क्रममा रहेको छ।

१६. यसै गा.पा. अन्तर्गत ४ वटै मा.वि. विद्यालयहरुमा CCTV जडान गरिएको छ। साथै ३ वटै आ.वि. विद्यालयहरुमा CCTV जडानको क्रममा रहेको छ।

१७. कृषि क्षेत्रमा लागेका किसानहरुलाई आर्थिक अवस्था सुदृढ गर्न पालिकाले किसानहरुलाई धानको वीउ, गहुँको वीउ, तरकारीको वीउ, प्लाष्टिक चार्जर स्प्रेयर, विभिन्न किटनाशक औषधिहरु वितरण गरिएको छ।

१८. किसानहरुको आर्थिक अवस्था वृद्धि गर्नका लागि पशुपालन गर्ने किसान, फर्म तथा सहकारीहरुलाई च्यापकटर मेशिन, घाँसको वीउ वितरण गरिएको छ। साथै पशुहरुको नक्ष सुधारको लागि कृतिम गर्वधान तथा भ्याक्सिन लगाउने कार्य गरिएको छ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकाले ६ वटै वडाका लगभग ६५० जनालाई रोजगारी उपलब्ध गराएको छ।

२०. विभिन्न वडाका सड्कहरुको स्तरोन्नती भई रहेको छ।

२१. आगामी आ.व. २०७८।०७९ को वार्षिक निति तथा कार्यक्रम निम्न विषयलाई आधार मानी तयार गरिएको छ ।

- नेपालको संविधान, २०७२ ।

- स्थानीय सरकार संचालन ऐन, २०७४
- पन्ध्रौ योजनाको आधार पत्र ।
- नेपाल सरकार तथा प्रदेश नं. २ सरकारको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम र वजेट ।
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन ।
- समुदायको अधिकतम सहभागिता परिचालन हुने पूर्वाधार विकासका कार्यक्रमहरू ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्रहरू ।
- गाउँपालिकाले गत र विगतको गाउँसभाबाट पारित गरेका वार्षिक नीति तथा कार्यक्रम र वजेट ।
- गाउँपालिका प्रोफाईल तथा गाउँपालिकाको माँग र आवश्यकताहरु ।
- आन्तरिक श्रोत ।

२२. कोभिड १९ को दोस्रो माहामारीबाट पर्न सक्ने जोखिमहरू न्यूनिकरण गर्न, प्रभावितलाई राहत तथा रोजगारी गुमाएका र वैदेशिक रोजगारीवाट वर्जित नागरिकहरूको लागि आवश्यक कार्यक्रमहरू संचालन गरिने छ । स्वास्थ्य संस्थाको संस्थागत क्षमता विकास, उपचार सामग्री, औषधि, स्वास्थयकर्मी तालिम तथा अस्पताल तथा कोभिड आइशोलेसनका लागि आवश्यक व्यवस्था मिलाउनेछ।

२३. कोभिड १९ को दोस्रो र तेस्रो लहरका कारण भएको बन्दाबन्दीको पूर्ण पालना गर्दै १ घुम्ती स्वास्थ्य शिविर संचालन गर्न स्वास्थ्य परिक्षण, उपचार सेवा, खास गरी वालबालिका, किशोरी, बृद्ध बृद्धा तथा जोखिममा रहेका व्यक्ति र विपन्न नागिरकका लागि व्यक्तिगत सरसफाइ, वैकल्पिक उपचार विधिहरूको प्रयोग, मनोसामाजिक परामर्श सेवा तथा रोग प्रतिरोधात्मक क्षमतामा बृद्धि ल्याउने जस्ता कार्यक्रमहरू संचालन गरिनेछ ।

२४. कोभिड १९ महामारीको जनस्वास्थ्यसँग सम्बन्धित जोखिमहरूको न्यूनिकरण गर्नका लागि जोखिममा रहेका व्यक्तिहरूको पहिचान, परीक्षण र संक्रमित व्यक्तिको उपचारको व्यवस्था मिलाउनेछ ।

२५. संघीय सरकारको सहयोग तथा स्थानीय सरकारको सहकार्यमा यसै पालिका अन्तर्गतका विभिन्न समूहका व्यक्तिहरुलाई कोभिड-१९ विरुद्धको भ्याक्सिन लगाएको छ। साथै भ्याक्सिन लगाउन बाँकि रहेकाहरुलाई लगाउनको लागि पहल गरिनेछ।

२६. सहकारी र सामूहिक खेती प्रणालीलाई प्रोत्साहित गर्दै चक्लावन्दी खेतीको माध्यमवाट कृषि यन्त्र, सिंचाईको व्यवस्था गर्दै कृषिलाई आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रिकरण गर्न आवश्यक पहल र व्यवस्था मिलाउनेछ ।

२७. न्यायिक समितिको भवन निर्माण सम्पन्न गरी न्याय सम्पादनको कार्य प्रभावकारी बनाउन, न्यायिक समितिको क्षमता अभिवृद्धि, अवलोकन, ऐन कानुन तथा पुस्तकहरू खरिद, मेलमिलापकर्ताको छनौट, मेलमिलाप केन्द्रहरूको स्थापनाका लागि आवश्यक प्रबन्ध मिलाई चुस्त दुरूस्त र छिटो छरितो रूपमा न्याय सम्पादन गर्ने व्यवस्था मिलाउनेछ ।

२८. चुरे क्षेत्रको दोहन, चरिचरण अन्त्य गर्नका लागि व्यवस्थित आधुनिक पशुपालनको लागि जनचेतना, वृक्षारोपणको लागि अवश्यक पहल र वैकल्पिक ईन्धनको व्यवस्थापन गर्न प्रोत्साहित गरिनेछ। साथै जङ्गली जनावरहरूको अक्रमण हुने क्षती न्यूनिकरण, क्षतिपूर्ति र बीमा समेतको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

माननीय गाउँसभाका सदस्य ज्यूहरु

अब म आर्थिक वर्ष २०७८/०७९ का लागि रुपनी गाउँपालिकाका समृद्धिको मार्गचित्र समेटी तयार गरिएको क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १.आर्थिक विकास

### १.१ कृषि तथा पशुपंक्षी विकास

- कृषिको उत्पादन र उत्पादकत्व वृद्धिको लागि कृषिलाई आधुनिकीकरण यान्त्रिकीकरण कार्यलाई निरन्तरता दिनेछ। कृषक समूह तथा कृषि सहकारीलाई आधुनिक कृषि औजारहरु सहुलियतपूर्ण साझेदारी कार्यक्रम मार्फत सहयोग गरिनेछ ।
- गाउँपालिका स्तरीय कृषि मेलाको आयोजना गरिनेछ । यस गाउँपालिका भित्र उत्पादित कृषिजन्य वस्तुहरुको बजार सुनिश्चितताको लागि आवश्यक पहल गरिनेछ ।
- एक वडा एक उत्पादन तथा माटो परिक्षण लगायत उन्नत मल-वीउ छनौटका लागि प्राविधिक तथा सामग्रीहहरुको व्यवस्था मिलाइनेछ ।
- व्यवसायिक कृषि, पशुजन्य उत्पादन विशेष गरेर सामुहिक तरकारी खेती, बंगुर, स्थानीय कुखुरा पालन, पोखरी निर्माण तथा माछा पालन व्यवसाय गर्ने नीति कायमै राखिएको छ।
- कृषि उत्पादनलाई गुणस्तरीय बनाउन जिरो बजेट कृषि प्रणाली लागु गरिनेछ।
- खाद्य सुरक्षा सुनिश्चित गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ।
- पशुहरुको रोगका लागी मेडिकल उपचार, माईनर सर्जिकल उपचार तथा बिभिन्न किसिमका रोगहरुको उपचार गर्नको लागी औषधी खरिद गरिनेछ ।
- पशुहरुलाई आहारा उत्पादन गर्नको लागी सिजन अनुसारको घाँस बिउँ (हिउँदे घाँस, बर्षे घाँस, बहु बर्षे घाँस बिउँ, बिरुबा) बितरण कार्यलाई निरन्तरता दिनेछ।
- गाई, भैसीमा नश्ल सुधार गर्नको लागी कृत्रिम गर्भधारण (ए.आई.) कार्यक्रम कार्यलाई निरन्तरता दिनेछ।
- बाख्राहरुमा नश्ल सुधार गर्नको लागी उन्नत जातका बीउ बोका समुहमा बितरण गरिनेछ ।
- गाई, भैंसी गर्भाधान गर्न विउको लागी गीर सांढे र मुररा रांगाको व्यवस्था मिलाइनेछ।
- माछापालन गर्ने किसानहरुलाई माछा भुरा ५०% अनुदानमा बितरण गरिनेछ।
- एक गाउँ एक कृषि तथा पशु प्राविधिकलाई निरन्तरता दिनेछ।
- कृषि उत्पादन र उत्पादकत्व वृद्धिको लागि विभिन्न वडाहरुमा विद्युतिकरण गरिनेछ।

### १.२ उद्योग तथा वाणिज्य क्षेत्र

- स्वरोजगार र आयआर्जनको अवसर सिर्जना गर्न स्थानीय श्रोत साधनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने र सम्बन्धीत निकाय, संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- रोजगारी प्रवर्द्धनका लागि युवायुवतीहरुलाई मोबाइल मर्मत, इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिक्स, ब्युटी पार्लर, कुक, होटल म्यानेजमेन्ट, सिकर्मी, डकर्मी, उद्घोषणजस्ता सीपमूलक तालिमका अलावा टोल र बस्ती स्तरबाट माग भई आएका र गाउँपालिकाले यसपछाडि पहिचान गर्न सक्ने तालिमहरु समेतको व्यवस्था क्रमशः गरिनेछ ।
- आँप, कटहर, लिची, उखु लगायतका फलफूलको जुस बनाउने, आपँको अचार बनाउने तथा साबुन निर्माण एवं उत्पादन गर्ने कार्यसँग सम्बन्धित तालिम, आवश्यक मेसिन तथा उपकरण खरिद एवं घरेलु तथा लघु उद्योग निर्माण गरी जनताहरुलाई उद्यमशील बनाउने दिशामा विशेष पहल गरिनेछ ।

## १.३ पर्यटन क्षेत्र

- गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरु(शनि मन्दिर, रुपनी मन्दिर, तेरहौता कौली दह, कटैया दिनाभद्री मन्दिर) धार्मिक तथा सांस्कृतिक पक्षलाई उजागर गर्दै पर्यटकिय क्षेत्रको रुपमा बिकास गरिदै लगिनेछ। साथै मन्दिर, मस्जीद, गुम्बा जस्ता धार्मिक स्थलहरुको संरक्षण एवं सम्वर्द्धन तथा स्थानीय जातजातिको भेषभूषा र संस्कृतिको संरक्षण गर्न आवश्यक नीतिहरु बनाइनेछ र हाल कायम विविध धर्म तथा जातजातिबीचको उच्चकोटीको एकता एवं सामाजिक सद्भावलाई अझ प्रगाढ बनाइनेछ ।
- बाल उद्यान पार्क, मनोरञ्जन पार्क स्थापना तथा हरियाली क्षेत्रको विकास लगायतका पूर्वाधार निर्माण गरी हरित र वातावरणमैत्री पर्यटनलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेको सडक बत्तीहरुको पोल नम्बरिङ्ग गरी सम्बन्धित वडा समिति मार्फत टोल क्षेत्रमा पर्ने सडक बत्तीको संरक्षण र मर्मतका लागि टोलसँग साझेदारी गरी व्यवस्थापन गरिनेछ ।

## १.४ सहकारी क्षेत्र

- सहकारी क्षेत्रलाई यस ठाँउको आर्थिक विकासको महत्वपूर्ण खम्बाको रुपमा विकास गर्न सहकारी संस्थाहरुको स्थापनालाई जोड दिइनेछ । कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।
- सरकारी तथा सहकारी साझेदारीमा संचालित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन गाउँपालिकाको सम्बन्धित निकाय तथा सहकारी संघ संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिनेछ । सदस्यहरुको चेतना अभिवृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिंदै लगिनेछ ।
- सहकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नको लागि अनुदानको व्यवस्था गरिनेछ।

## १.५ रोजगारी

- ग्रामीण स्तरमा महिलाहरुलाई सिलाइ कटाइ कार्यक्रम अगरबत्ती र चुरी बनाउने तालिम, मुढा नाङ्लो जस्ता वस्तुहरु बनाउने तालिम दिई स्वरोजगर बनाइनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई सशक्त ढंगबाट संचालन गरी पालिकाबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरु श्रममुलक, जनसहभागितामुलक, वेरोजगार रहेका, कोभिड-१९ का कारण रोजगारी गुमाएका र वैदेशिक रोजगरीबाट फर्किएकाहरुको परिचालन गरी रोजगारीको अवसर सिर्जना गरिनेछ।
- गाउँपालिकामा संचालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिबाट नै लगाइने व्यवस्था गरिनेछ ।
- वेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पता लगाउन रोजगार नक्शांकन कार्य अघि बढाइनेछ ।
- संघ तथा प्रदेश सरकारले ल्याएको रोजगार मुलक कार्यमा अपनत्व कायम गर्दे रोजगारीका क्षेत्र बिस्तार गरिनेछ।
- स्थानीय स्तरमा रोजगारी सृजना गर्न सरोकारबाला निकाय र निजी, सहकारी तथा गैह्रसरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

- श्रम सम्बन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि व्यवसायिक उधोग क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।
- रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी वनाउनका लागि उचित बजेटको व्यवस्था गरिनेछ ।
- रोजगार सेवा केन्द्र मार्फत रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरुको बीच सम्पर्क स्थापित गरि रोजगारी प्राप्तिमा सहयोग गरिनेछ ।

## २. सामाजिक विकास क्षेत्र

### २.१ शिक्षा क्षेत्र

- गाउँपालिकामा स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर अभिबृद्धि गर्न शैक्षिक योजना बनाई कार्यान्वयनका लागि आवश्यक पहल गरिनेछ ।
- कोभिड १९ महामारीको दोस्रो लहर र सम्भावित तेस्रो लहरले शिक्षा क्षेत्रहरूलाई पारेको प्रभाव र पार्न सकिने सम्भावित क्षतिलाई न्युनिकरण गर्नको लागि बैकल्पिक शिक्षण सिकाई प्रक्रियाहरुलाई निरन्तरता दिनेछ।
- सामुदायिक विद्यालयको भौतिक संरचनाको विद्यमान अवस्थाको पहिचान गरी बालमैत्री र गुणस्तरीय शिक्षा प्रदान गर्ने थलोको रुपमा विकास गर्ने प्रयोजनका लागि आवश्यक कक्षा कोठा व्यवस्थापन, बालबालिकाहरुको अधिकतम हित र स्वास्थ्य समेतलाई ख्याल गरी सुविधायुक्त शौचालय व्यवस्थापन, सिकाई तथा अन्य सामग्री व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।
- साविकमा जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरेका तर विद्यार्थी संख्याको अनुपातमा आवश्यक दरवन्दीको व्यवस्था नभएका विद्यालयहरुमा गाउँपालिकाबाट आवश्यक संख्या किटान गरी न्यूनतम आधारभूत तहको तवलमान बमोजिमको रकम उपलब्ध गराइने नीति लिइएकोछ ।
- अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउदै गुणस्तरीय शिक्षालाई सुनिश्चित गरिनेछ ।
- सामुदायिक विद्यालय तथा विद्यार्थीहरुको पठन सिप विकासका लागि पुस्तकालयहरुको स्थापना, ICT Lab र विज्ञान प्रयोगशाला व्यवस्थापन र सञ्चालनमा आवश्यक सहकार्यलाई निरन्तरता दिईनेछ ।
- विद्यालयहरुमा शिक्षक कर्मचारीहरुबाट समयको परिपालना, नियमितता, शिक्षक कर्मचारीहरु माथि विद्यालयमा उपस्थिती तथा समयको परिपालना समयमा बृद्धि गर्ने, प्रयोजनका लागि विद्युतीय ई–हाजिरको निरन्तरता दिईनेछ ।
- बाल विकास उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई बाल विकास कक्षामा भर्ना गरी गुणस्तरीय सिकाईको सुनिश्चिता गरिनेछ ।
- सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (SEE) मा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कृत र सम्मान गरिनेछ । साथै त्यस्ता विद्यार्थीहरुलाई प्राविधिक उच्च शिक्षाको अध्ययनका लागि प्रोत्साहन गरिनेछ ।
- विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा उत्कृष्ट गर्ने विद्यालय व्यवस्थापन समितिलाई, पेशा प्रति निष्ठावान भई पदीय दायित्व निर्वाह गर्ने शिक्षकहरु मध्येबाट सूचकगत आधारमा उत्कृष्ट छानिएका शिक्षकहरुलाई एवम् समाज सेवामा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई सम्मान तथा कक्षा ८ मा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्ने छात्र १जना, छात्रा १ जना लाई पुरस्कार तथा सम्मान गर्ने नीतिलाई अंगिकार गरिनेछ ।
- आगामी वर्षभित्र नेपाल सरकारको साझेदारीमा यस गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गरिनेछ ।
- आवश्यक नीति, निर्देशिका तथा नियम बनाई संस्थागत विद्यालयहरुलाई व्यवस्थित गरिनेछ । साथै विना अनुमति संचालनमा रहेका संस्थागत विद्यालयहरुलाई आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाइनेछ ।

- विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ ।
- गाउँपालिकाभित्र शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्दै शिक्षण सिकाइको प्रभावकारितामा वृद्धि गरिनेछ । साथै यस वर्ष कक्षा ५, ८, र १० मा अध्ययनरत विद्यार्थीहरुको विज्ञान, गणित र अंग्रेजी विषयको सिकाई उपलब्धी परीक्षण गरिनेछ ।
- विद्यालयमा पर्याप्त, विज्ञान, गणित र अंग्रेजी विषयको शिक्षण सामाग्री जस्ता सामाग्रीहरुको प्रबन्ध गरिदै लगिनेछ ।
- विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको विकासका लागि गाउँपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागिता हाजिरी जवाफ, वक्तृत्वकला, नृत्य तथा गायन प्रतियोगिता, खेलकुद लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गराउने कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकामा सुविधा सम्पन्न भौतिक पूर्वाधार सहितको नमूना विद्यालय र प्राविधिक धारका विद्यालय विकासको कार्य यसै वर्षदेखि सुरुवात गरिनेछ ।
- महिनावारीको कारणाले विधालयमा अनुपस्थित हुने कार्यलाई निरूसाहित गर्नका लागि विधालयमा अध्ययनरत गर्ने छात्राहरू निःशुल्क स्यानीटरी प्याड वितरण गरिनेछ ।
- यस पालिका भित्र कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन गर्ने सम्पुर्ण बालवालिकाहरुलाई विद्यालय मार्फत निःशुल्क पठ्यपुस्तक उपलब्ध गराइनेछ।
- आधारभूत तह कक्षा १ देखि अध्ययन गर्ने सम्पूर्ण दलित छात्र छात्राहरु र गैर दलित छात्राहरुलाई विद्यालय मार्फत छात्रवृतिको उपलब्धता गराइनेछ।
- माध्यमिक तह कक्षा(९-१२) मा अध्ययन गर्ने गरीब, दलित अशक्त विद्यार्थीहरुलाई PMT मार्फत छात्रवृति प्राप्त गर्ने विद्यालयहरुलाई अभिप्रेरित गरिनेछ।
- आगामी आर्थिक वर्षमा सरकारी तथा सामुदायिक विद्यालयहरुमा अभिवावक तथा विद्यार्थीहरुलाई आकर्षित गरी विद्यार्थीहरुको संख्यामा वृद्धि गर्न कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुको परिक्षा शुल्क निःशुल्क गरिनेछ।

## २.२ स्वास्थ्य क्षेत्र

- गाउँपालिका क्षेत्रभित्रका सानो उमेरका बालबालिका, अपाङ्गता भएका व्यक्ति, अशक्त एवं ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी 'घर नै अस्पताल घरमै डाक्टर' भन्ने नाराका साथ प्रत्येक टोलमा समय(समयमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने विगतको नीतिलाई निरन्तता दिनेछ ।
- सुनौलो हजार दिनको मापदण्ड भित्र पर्ने आमाहरुको तथ्याङ्क संकलन गरी आवश्यक न्यूनतम पोषण भत्ता प्रदान गर्ने नीति लिइनुका साथै स्वास्थ्य संस्थाहरुमा आमा तथा बच्चाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ । कुपोषण न्यूनिकरण गर्दै लैजान नेपाल सरकारद्वारा स्वीकृत बहुक्षेत्रीय पोषण योजना तथा पोषण प्याकेजका कार्यक्रम संचालन गर्न सरोकारवालाहरु संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुको आकस्मिक स्वास्थ्य समस्यासँग जुध्नको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।
- स्वास्थ्य सेवाको पँहुचबाट बाहिर रहेका महिला, बालबालिका बिपन्न दलित सीमान्तकृत र पिछडीएका जातजातिहरुलाई लक्षित गरी गाउँका विभिन्न ठाउँहरुमा सम्बन्धित संस्थाहरुको समन्वय र सहयोगमा एकिकृत घुम्ती स्वास्थ्य शिविर संचालन गरी आधारभूत स्वास्थ्य सेवा पुर्याउने नीति लिइनेछ ।

- मानव जीवनमा हुने महामारीको रुपमा फैलिनसक्ने सरुवारोग तथा नसर्ने रोगको बारेमा सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गर्दै लगिनेछ । आधारभूत आवश्यकताको रुपमा रहेको स्वास्थ्य सेवालाई अझ विश्वासिलो र भरपर्दो बनाउन गाउँ क्षेत्रमा रहेका स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार सुधार गरि साधन सम्पन्न बनाउदै लगिनेछ ।
- शिशु तथा मातृ मृत्युदरलाई न्यूनीकरण गर्न बाँकी ४ वडाहरुमा प्रसुति केन्द्र Birthing Centre निर्माणमा उच्च प्राथमिकता दिइनेछ ।
- स्वास्थ्य स्वयंम सेविकाहरुलाई पुर्ण सरसफाई तथा पूर्ण खोप अभियान लगायत अन्य सामाजिक गतिविधिमा समेत परिचालन गरिनेछ। स्वयंम सेविकाको प्रोत्साहनको लागि प्रति महिना रु २००० हजार उपलब्ध गराइनेछ ।
- गाउँपालिका भित्रका अति विपन्न,दलित आदिवासि जनजाति, अन्य जातिका विपन्न मुटु र मृगौलाका बिरामिहरुका लागि विपन्न सहायता कोष बनाई आवश्यक सहयोग गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- पोलियो खोप, भिटामिन ए, एच.आइ.भि एड्स, लागु पदार्थ दुर्व्यसन नियन्त्रणका लागि स्थानिय संघ–संस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य समस्या विशेष गरेर स्तन क्यान्सर, पाठेघरको क्यान्सर लगायतका समस्याहरु समाधान गर्नका लागि घुम्ती स्वास्थ्य शिविर र बिपन्न समुदायलाई उपचार सहयोगको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- मानसिक स्वास्थ्य समस्या भएका तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार एवं गुणस्तरीय जीवनको संरक्षण गर्दै कोभिड १९ को कारण सृजित मनोवैज्ञानिक डर, चिन्ता, आघात लगायत मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्यालाई प्रबर्धन तथा समाधानको लागि जनचेतना कार्यक्रम तथा मनोपरामर्श सेवा उपलब्ध गराइनेछ।
- गाउँपालिकामा हाल सञ्चालनमा रहेको ५ बेडको कोभिड अस्पताल तथा आइसोलेशन सेन्टरलाई १५ बेडको अस्पतालको रुपमा विशेषज्ञ सहितको जनशक्ति र पूर्वाधार विकास गरिनेछ।

## २.३ खानेपानी तथा सरसफाई क्षेत्र

- स्वच्छ तथा सफा खानेपानीमा सबैको पहुँच स्थापित गर्न खानेपानी सम्बन्धी आयोजनाहरु संचालन गरिनेछ। स्यालो ट्युबेल वितरण तथा जडान कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा स्थानीय नीति, कानुन तर्जुमा, तथ्यांङ्क अध्यावधिक तथा ब्यवस्थापन, रणनीतिक योजना निर्माण गरि पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिइनेछ ।
- सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता (वास फिट अवधारण) सम्बन्धी ( स्वास्थ्य संस्था तथा जनशक्तिहरुको) क्षमता अभिबृद्धि तथा पानी परिक्षण प्रयोगशालाको स्थापना गरिनेछ ।
- विभिन्न संघ संस्थाहरुको साझेदारीमा विद्यालय खानेपानी र स्वच्छता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानी शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गर्न 'सफा र स्वच्छ खानपान, रुपनीको शान' को नारालाई मूर्तरुप दिनका लागि आवश्यक कार्यक्रमहरु लाई निरन्तरता दिइनेछ।
- कुहिने र नकुहिने फोहरलाई स्रोत बाटै अलग-अलग गर्न Dustbin राख्ने व्यवस्थालाई प्रभावकारी रुपले लागू गरिनेछ।

## २.४ युवा तथा खेलकुद विकास क्षेत्र

- 'युवाका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद' भन्ने मूल नाराका साथ प्रत्येक वडामा खेलकुद सम्बन्धी पूर्वाधारको विकास गर्दै लगिनेछ र खेलकुद जन्य क्रियाकलाप सञ्चालन गरिनेछ । वडास्तरीय वडाध्यक्ष कप तथा गाउँपालिका स्तरीय अध्यक्ष कपका खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका स्तरीय खेलमैदान निर्माण गर्ने नीति लिइएको छ । विभिन्न खेलकुद प्रतियोगिता, खेलकुद सामाग्री वितरण लगायत स्थानीय क्लब तथा विद्यालयहरु मार्फत खेलकुद कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

## २.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी

- बाल क्लब, महिला समूह, एकल महिला संजाल, जेष्ठ नागरिक क्लब, दलित समूह, अपांगता भएका व्यक्तिहरुका संस्थाको सशक्तिकरण र सवलिकरणमा जोड दिइनेछ।
- लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक मूलप्रवाहीकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई विशेष प्रोत्साहन गरिनेछ ।
- महिलाको सहभागिता सम्बन्धमा विद्यमान प्रावधानहरु तथा योजनाहरुको उपभोक्ता समिति गठन हुदाँ पूर्णत: लागू गर्दै आएकोमा त्यसलाई निरन्तरता दिदै महिला मात्रको सहभागितामा उपभोक्ता समितिको गठन गर्ने, महिला सहकारी वा महिला समूहमार्फत कार्यक्रम संचालन गर्नेतर्फ उत्प्रेरित गरिनेछ ।
- निर्णय प्रकृया र आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैंगिक विभेदलाई कम गरिनेछ । महिलाहरुलाई आत्मनिर्भर बनाउन रोजगारमूलक, शीपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।
- बालमैत्री स्थानीय शासन अवधारणालाई गाउँका सम्पूर्ण वडाहरुमा क्रमश: लागू गर्दै लगिनेछ । प्रत्येक वडामा बाल क्लवहरु गठन र संस्थागत क्षमता विकास सामाग्री सहयोग गरिनेछ ।
- बालबालिकाहरुको अधिकार सुनिश्चित गर्दै बाल विकास केन्द्र, बाल उद्यान आदिको भौतिक पूर्वाधार निर्माणमा सहकार्य गरिनेछ । बालमैत्री पूर्वाधार विकासमा जोड दिइनेछ र गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गरिनेछ ।
- गाउँका सबै वडाहरुमा बाल विवाह मुक्त गाउँको अवधारणालाई लागू गर्दै लगिनेछ ।
- आदिवासी, जनजाति, दलित, मुस्लिम, पिछडा वर्ग, तेस्रोलिंगी, अपांग, द्वन्द्व पीडित, एकल महिला, जेष्ठ नागरिक, सीमान्कृत, विपन्न तथा अन्य पिछडा वर्गको उत्थानका लागि उनीहरुको सवलीकरण गर्ने र परम्परागत सीप दक्षता र विशेषतामा आधारित आयमूलक सीपमूलक कार्यक्रमहरु संचालन गर्दै तिनको आर्थिक सामाजिक स्तरमा वृद्धि गरिनेछ । सामाजिक समावेशीकरणको अवधारणा अनुसार सचेतीकरण, सीप क्षमता विकासको अवसर प्रदान गरी विकासको मूलप्रवाहमा ल्याउने कार्यक्रमहरु संचालन गरिनेछ।
- अपांग तथा द्वन्द्व पीडितलाई राहत वितरण गर्ने नीति लिइनेछ। जेष्ठ नागरिकलाई सम्मान गर्ने तथा स्वास्थ्य परीक्षण गरिनेछ।
- आर्थिक अवस्था सम्बन्धी तथ्याङ्क संकलन गरी आयस्रोतको आधारमा परिचयपत्र वितरण गर्ने नीति लिइनेछ र अति विपन्न परिवारको जीवनयापनमा सहजता कायम गर्नका लागी प्रत्येक वडामा अत्यावश्यकीय उपभोग्य सामानको सुपथ मूल्य पसल सञ्चालन गर्न संघ संस्था, समुह, सहकारीहरुलाई उत्प्रेरित गरिनेछ।
- महिला कानुनी शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- महिलाहरुका लागि आय आर्जन कार्यक्रम, महिला सशक्तिकरण अभियान कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालय जाने उमेर वितिसकेका किशोरीहरुलाई सीप विकास कार्यक्रम संचालन गरिनेछ।

- बालबालिका उपर हुने शारिरिक तथा मानसिक प्रवृत्ती विरुद्ध अभिभावक, विद्यालय स्तरिय कार्यक्रम संचालन गरिनेछ ।
- मानव बेचबिखन बिरुद्धका दिवस, राष्ट्रि बाल दिवस, महिला दिवस, किशोरी दिवस र अन्तर्राष्ट्रिय सामाजिक लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान लगायत दिवसहरु संचालन गरिनेछ ।

## ३. पूर्वाधार विकास क्षेत्र

- गाउँपालिका क्षेत्रभित्रका सडकहरुको गाउँ स्तरीय यातायात व्यवस्थापन TMP योजना बमोजिम निर्माण कार्य गरिनेछ ।
- पूर्वाधार विकासको लागि अल्पकालीन, आवधिक र दीर्घकालीन योजनाको सूची बनाई लागू गरिनेछ ।
- आयोजनाहरु वर्गीकरण गरी संघ र प्रदेशसग आवश्यक पहल गरिनेछ ।
- स्थानीय बुद्धिजिवी, समाजसेवी, विषयविज्ञ, रुपनीबाट अन्यत्र देश भित्र तथा बाहिर बसोवास गरेका हरुको सहभागितामा रुपनी विकास मञ्च गठन गरी रुपनीको गौरवका योजनामा सहयोग गर्न प्रेरित गरिनेछ ।
- अघिल्लो बर्ष गाउँपालिकाबाट सञ्चालित तथा क्रमागत कामलाई निरन्तरता दिइनेछ ।

### ३.१ सडक तथा भवन निर्माण क्षेत्र

- सडक तथा सार्वजानिक बाटो, डगर अतिक्रमण गरि बनाइएका संरचनालाई हटाउदै लगिनेछ। गाउँपालिकाको केन्द्र र वडा जोड्ने सडकको चौडाई कम्तिमा ८ मिटर र वडा स्तरीय सडकहरु न्यूनतम ४ मिटरको बनाइने नीति कडाइका साथ लागू गरिदै लगिनेछ।
- **"उत्कृष्ट सेवा प्रवाहको आधार राम्रो पूर्वाधार"** भएकोले गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी, वर्थिङ सेन्टर, विद्यालय भवन, सामुदायिक भवन जस्ता अत्यावश्यकीय भवन संरचनाहरुको निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- स्थानिय गौरवका आयोजनाहरुको पहिचान गरि सोको निर्माणमा जोड दिइनेछ ।
- योजना तथा कार्यक्रम कार्यान्वयन निर्धारित समयमै आयोजना र योजनाहरुको कार्य सम्पन्न गराई पूँजीगत खर्च गर्न सक्ने क्षमता अभिवृद्धि गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team)गठन गरी परिचालन गरिनेछ।
- निर्माण भइसकेका पूर्वाधार मर्मत संभार गर्नुपर्ने अवस्थामा गाउँपालिकाले मर्मत संभार कोष स्थापना गरी प्राथमिकताका आधारमा मर्मत गरिनेछ। लक्षित वर्गको कार्यक्रम बाहेक अन्य आयोजनाबाट मर्मत संभार कोषमा १% रकम कट्टा गर्ने तथा कन्टेन्जेन्सी वापत ३% रकम कट्टा गरिनेछ।
- गाउँपालिका भित्रका सम्पूर्ण कार्यालयहरुमा पेश्की र बेरुजु शुन्य बनाउने गरी आवश्यक कार्ययोजना तथा रणनीति बनाई लागू गरिनेछ। यसका लागि योजना सञ्चालन गर्दा शून्य पेश्कीको नीति लिइनेछ र सार्वजनिक परिक्षण अनिवार्य गरी सो को आधारमा मात्र योजनाको रकम भुक्तानी दिने नीति कार्यान्वयन गरिनेछ।
- बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ लाई कार्यान्वयनमा ल्याइनेछ।
- पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपांगमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ।

### ३.२ सिंचाइ

- गाउँपालिकाका सबै क्षेत्रमा आवश्यक सिंचाइको प्रबन्ध गरि जमिन बाँझो रहने व्यवस्थाको अन्त्य गरिनेछ । बिजली तथा तारपोल, पैनीको पहुँच नपुगेको कृषियोग्य जमिनका लागि भूमिगत सिँचाई आयोजनाहरु संचालन गरिनेछ ।
- उपयोग विहिन सार्वजनिक जग्गा, सडक तथा राजमार्गका किनारा, नदि उकासबाट प्राप्त जमिन, चुरे क्षेत्रमा अभियानको रुपमा फलफूल र अन्य उपयुक्त खेति गर्न निजि, सहकारी र सामुहिक संघ संस्थालाई प्रोत्साहित गर्दै सिचाईको व्यवस्था गर्दै लगिनेछ ।

### ३.३ सहरी विकास

- गाउँपालिकाको समग्र, दिगो एवं दीर्घकालीन महत्वको रणनैतिक विकासको लागि आवश्यक गाउँपालिका स्तरीय आवधिक योजना तथा गुरुयोजना निर्माण गर्न आवश्यक अध्ययन तथा परामर्शको कार्य गरिनेछ ।
- शहरको रुपमा विकास भैइरहेका रुपनी बजार तथा विरेन्द्र बजारलाई आधुनिक तथा स्मार्ट सिटीको रुपमा विकास गर्न पहल गरिनेछ ।
- सुरक्षित र व्यवस्थित आवास निर्माण र बस्ती विकास व्यवस्थित गर्न कार्यविधि निर्माण गरी लागू गरिएकाले भवन निर्माण तथा नक्सा पास प्रकृयालाई प्रभावकारी बनाउन समसामायिक परिमार्जन गरिनेछ ।

### ३.४ उर्जा

- सडकका पोलहरुमा बत्ति जडान तथा सोलार सडक बत्ति जडान कार्यलाई प्राथमिकता दिइनेछ ।
- स्थानीय स्तरमा उपलब्ध हुन सक्ने वैकल्पिक उर्जाका श्रोतहरुको पहिचान गरी बायो ब्रिकेट, होम सोलार सिस्टम, सुधारिएको चुल्हो, सामुदायिक बायोग्यास प्लान्ट जस्ता कार्यक्रमहरु संचालन गर्दै प्राकृतिक श्रोत र साधनको समुचित प्रयोग र व्यवस्थापनमा गरिदै लगिनेछ ।

### ३.५ सूचना प्रविधि क्षेत्र

- गाउँपालिका, वडा कार्यालय र बिषयगत शाखाबाट सम्पादित कृयाकलापहरु वेबसाईट, मोबाइल एप्स र सामाजिक सञ्जालहरु बाट नियमित रुपमा सार्वजनिक गरिनेछ ।
- सूचना प्रविधि क्षेत्रको विकासका लागि सूचना प्रविधिको क्षेत्रमा संलग्न व्यक्ति, सार्वजनिक क्षेत्रका संस्थाहरु, शिक्षण संस्थाहरुलाई प्रोत्साहित गर्दै लगिनेछ साथै गैर सरकारी संघ संस्थासंगहरुको साझेदारी अभिवृद्धि गरिनेछ ।
- सूचना प्रविधिको प्रयोगमा सूचना सुरक्षा एवम तथ्याङ्क गोपनियता (Information Security and Data Protection) लाई सुदृढ गरिनेछ ।
- यस गाउँपालिकाका ४ वटै मा.वि. विद्यालयहरु बिच अप्टिकल फाईबर जडान गरी Interanet तयार सहित ईन्टरनेट, Intercom telephone line लगाय अन्य ई-सेवाहरुलाई प्रभावकारी रुपमा व्यवस्थित गरिदै लगिनेछ ।
- गाउँपालिका भरि Optical Fibre सहितको उच्च गतिको इन्टरनेट पुर्याउन निजि क्षेत्रसँग साझेदारी गरी योजना कार्यन्वयन गरीनेछ ।
- गाउँपालिका डिजिटल प्रोफाईल तथा वृत्तचित्र निर्माण गरिनेछ ।
- सार्वजनिक सूचनाको प्रवाह, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण जस्ता कार्यलाई प्रभावकारी रुपमा अघि बढाईनेछ ।
- सूचना प्रविधि क्षेत्रमा सिप तथा क्षमता अभिवृद्धि गर्नको लागि विभिन्न तालिमहरु संचालन गरिनेछ ।

- हस्तलिखित कागजातलाई पूर्णतया हटाएर क्रमशः कम्प्युटरमा आधारित कार्यप्रणाली तथा डाटाबेसको निर्माण गर्दै लगिनेछ।
- टोल फ्रि नंबर र अडियो नोटिस बोर्डको संचालन गरिनेछ।
- प्रत्येक सेवाग्राहीले कर तथा दस्तुर तिरे पछि तत्कालै SMS मार्फत ति लाभग्राहीको मोवाईलमा जानकारी गराइनेछ।
- योजना तथा दर्ता-चलानी सफ्वेयर web based online माध्यमबाट संचालन ल्याउनेछ।
- सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउनेछ।
- रुपनी गाउँपालिकका लाई झल्काउने गरी गा.पा. कार्यालय आउने सडक र High-way लाई लक्षित गरि Multi-color LED Board जडान गरिनेछ।
- यस गा.पा. कार्यलयबाट सञ्चालन हुने सेवालाई प्रभावकारी बनाउन **Token (Queue) Management system** जडान गरिनेछ।

## ४. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

- बाढीपहिरो, आगलागी, भूकम्प, हुरीबतास, असिना, चटयाङ् जस्ता प्रकोपबाट हुने क्षति न्यूनीकरण गरिनेछ र गाउँपालिकाको 'विपद व्यवस्थापन कोष' बाट विपदमा परेका घर परिवारलाई राहत उपलब्ध एवं क्षतिग्रस्त बाटो, पैनी आदि तत्काल मर्मत गरिनेछ । विपद व्यवस्थापन कोष संचालन कार्यविधि का आधारमा विपदको पूर्व तयारी, रोकथाम, उद्धार, राहत वितरण तथा पुनर्स्थापना कार्यहरु संचालन गरिनेछ।
- विकासका कार्यक्रमहरु संचालन गर्दा वातावरण मैत्री तथा जलवायु परिवर्तनसँग अनुकुलित हुने गरि संचालन गरिनेछ।
- नदि किनारामा बासँ रोपण गर्ने साथै सडक, बाटो किनारामा वृक्षारोपण कार्यलाई अघि बढाइनेछ। साथै जलप्रवाहको उच्च जोखिमयुक्त क्षेत्रमा बाँध तथा तटबन्ध निर्माणको कार्य गर्न संघ तथा प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ।
- वातावरण प्रदुषण न्यूनीकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- वातावराण मैत्री स्थानीय शासन कार्यान्वियनको लागि हरेक वडामा कम्तीमा १ सार्वजनिक क्षेत्रलाई खुल्ला क्षेत्रको रुपमा राखी हरियाली सहितको मनोरञ्जनात्मक पार्कको व्यवस्थापन कार्य अगाडी बढाईनेछ
- कृषि सिंचाईलाई साझेदारी र सहकार्यमा प्राथमिकताका साथ काम गरिनेछ ।
- सार्वजनिक सडकमा आवगमन अवरोध हुने गरी कुनै पनि कार्य गर्न नपाइने नीतिलाई प्रभावकारीताका साथ लागू गरिनेछ ।
- गाउँपालिकाका पुराना, रुग्ण र जीर्ण पोखरीको मर्मत सम्भार तथा संरक्षण गरिनेछ । ऐलानी पर्ति जग्गा, सार्वजनिक बाटो तथा डगर, सार्वजनिक गौचरण, नदि कटानबाट उकास भएको जग्गा, सार्वजनिक पोखरीका डिलहरुको सिमांकन गरि रेकर्ड राख्ने तथा संरक्षण गर्ने कार्य गरिनेछ।
- राजमार्ग आसपासका बजार क्षेत्रको फोहोरमैला तत्काल अल्पकालीन माध्यमबाट बिसर्जन गरिनेछ। ल्याण्ड फिल्ड साइडको निर्माणका लागि बिस्तृत आयोजना तयार गरिनेछ ।

## ५. संस्थागत विकास, वित्तीय व्यवस्थापन तथा सुशासन

### ५.१ संस्थागत विकास

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी बनाउन कम्प्युटर सफ्टवेयरमा राखि अध्यावधिक गर्दै लगिनेछ र सो गाउँपालिकाको वेभसाइट मार्फत सार्वजानिक गरिनेछ ।

- अशक्त, असहाय, गम्भीर प्रकारका अपाङ्गता भएका व्यक्ति तथा ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरमै बसेर सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था गरिनेछ ।
- व्यक्तिगत घटना दर्ताको लागि घटना भएको ३५ दिन भित्रमा अनिवार्य रुपमा व्यक्तिगत घटना दर्ता गर्न प्रोत्साहन गरिनेछ ।
- कर्मचारी तथा शिक्षकहरुको कार्यक्षमता, कार्यदक्षता, कार्यकुशलता तथा कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारी तथा शिक्षकहरुलाई उत्प्रेरणा प्रदान गर्दै ज्येष्ठता, इमान्दारिता, कार्यक्षमता तथा कार्यसम्पादन स्तरलाई आधार मानी मूल्याङ्कन गरिनेछ ।
- दलित तथा पिछडिएका वर्गका छात्र छात्रा र सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सरकारी सेवामा ल्याउन निशुल्क लोक सेवा तयारी कक्षा संचालन गरिनेछ ।

## ५.२ वित्तीय व्यवस्थापन

- रुपनी गाउँ कार्यपालिकालाई एक समृद्ध स्थानीय सरकारको रुपमा विकास गर्नका लागि यसको आन्तरिक स्रोत परिचालनका क्षेत्रहरुलाई अति सुक्ष्म रुपमा पहिचान गरी आन्तरिक आम्दानीमा बढोत्तरी गर्नका लागि आफ्नो क्षेत्राधिकार भित्र पर्ने करको दायरालाई फराकिलो बनाउँदै राजस्व वृद्धिको लागि सम्भाव्यता अध्ययन गरिनेछ।
- व्यवसायीहरुको तथ्याङ्क संकलन गरी व्यवसाय दर्ता प्रक्रिया अगाडि बढाइनेछ।
- सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्न सरोकारवालाहरुसँगको छलफल कार्यक्रमहरुलाई बढावा दिइनेछ । पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्नका लागि तालिम अध्ययन अवलोकन भ्रमणको व्यवस्था गर्ने तथा कार्य सम्पादनमा आधारित सम्मान तथा दण्डको व्यवस्था गर्ने नीति अंगिकार गरिनेछ।
- टोल विकास संस्था तथा टोल सुधार समिति गठन तथा परिचालन गरिनेछ ।

## ५.३ सुशासन तथा क्षमता विकास

- सेवा प्रवाहमा प्रवक्ता र सूचना अधिकारीको कार्यविवरण तयार गरि लागू गरिनेछ। गाउँपालिका तथा वडा कार्यालयहरुमा गुनासो सुनुवाई संयन्त्र निर्माण गरि गुनासो सुनुवाई गर्ने तथा त्यसको व्यवस्थापन गरिनेछ । प्रत्यक्ष रुपमा गाउँपालिकाले जनगुनासो सुन्न गाउँबासीसँग सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाका गतिविधिहरु तथा गाउँपालिकाले सम्पादन गरेका कार्यहरु तथा गाउँसभा, गाउँकार्यपालिका र न्यायिक समितिका बैठकबाट भएका निर्णयहरु पनि सार्वजनिक गरिनेछ ।
- सूचना संस्कृतिको विकासका लागी सूचना माग्ने र सूचना दिने पद्धतिलाई थप सहज र प्रभावकारी बनाईनेछ।
- नागरिकको सूचना सम्बन्धी हकलाई कार्यान्वयन गर्न बनेको ऐनलाई पालना गरिनेछ।
- सूचनाको हक सम्बन्धी व्यवस्थाको कार्यान्वयनका लागी गाउँपालिका र सबै वडा कार्यालयमा सूचना अधिकारी तोकी सूचना प्रवाह गरिने छ।
- म्याद गुज्रेका औषधि, खाद्यपदार्थ एवं पेय पदार्थबाट मानव स्वास्थ्यमा हुने हानिलाई रोक्न नियमित रुपमा बजार अनुगमनको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाबाट सञ्चालित नागरिक सहायता कक्षमा सेवाग्राहीहरूको सहयोगका लागि सेवा प्रदायकबाट सेवा दिनेको प्रभावकारीता हेरी विस्तार गर्न सकिनेछ ।

- गाउँपालिकाको कार्य बोझका कारण कार्यालय समय बाहेक बिहान बेलुका र सार्वजनिक विदामा समेत कामकाज गर्नु पर्ने अवस्था भएकोले कर्मचारीहरूमा उत्प्रेरण जागृत गराई संस्थागत कार्य सम्पादन क्षमता अभिवृद्धि गर्नका लागि पालिकामा कार्यरत कर्मचारीहरूको शुरु तलबको ५० प्रतिशत सम्म प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।
- "जेष्ठ नागरिकको अनुभव समुदायमा हस्तान्तरण" का लागि अन्तरपुस्ता संवाद कार्यक्रम अन्तरर्गत जेष्ठ नागरिकहरुको अनुभव लेखनलाई प्रोत्साहन गरिने छ । साथै प्रत्येक वडामा जेष्ठ नागरिकको लागि जेष्ठ चौतारी निर्माण गरी सामाजिक रुपले जीवनयापन गर्ने उद्दश्यका साथ जेष्ठ नागरिकहरु भेला हुने थलोको रुपमा स्थापित गर्न आवश्यक व्यवस्था गरिनेछ ।

## ५.४ विविध

- गाउँपालिका भित्र रहेको सार्वजनिक ऐलानी पर्ति जग्गको खोजी गरी गाउँपालिकाको नाममा ल्याउने कार्यलाई सक्रियताका साथ कार्यान्वयन गरिने छ ।
- दलित तथा भूमिहिन समुदायलाई सामाजिक, शैक्षिक, आर्थिक, कृषि, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा शसक्त बनाउने छ ।
- भूमिहिनहरुको उत्थान तथा शसक्तिकरण कार्यक्रमको वारेमा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी तथा सचेतीकरण गराइनेछ ।

**उपस्थित माननीय गाउँसभाका सदस्य ज्यूहरु**

आगामी आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रमबाट सम्पूर्ण रूपनीवासीहरूको आर्थिक र सामाजिक विकासमा प्रत्यक्ष योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु ।प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्न विभिन्न कोणबाट सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, अन्तर स्थानीय तहहरू, गाउँकार्यपालिकाका सदस्य ज्युहरू, गाउँसभाका सदस्यज्युहरू, गाउँपालिका महासंघ, विषयगत शाखा, गैर सरकारी संघ-संस्था, नागरिक समाज, संचारकर्मी, गाउँपालिकाका कर्मचारीहरू लगायत सम्पूर्ण गाउँवासीहरूलाई विशेष धन्यवाद सहित यसको सफल कार्यान्वयनमा यहाँहरूको उल्लेखनीय सहयोगको अपेक्षा राख्दै कोभिड १९ को जोखिमबाट सुरक्षित रहि समृद्ध रुपनी निर्माणमा योगदान गर्न आव्हान गर्दछु ।

हरेराम यादव
अध्यक्ष
रूपनी गाउँपालिका रूपनी

**धन्यवाद !**